# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, कात्तिक १२ गते, २०८१ साल (संख्या ३५

## भाग ३

### नेपाल सरकार

### सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको

### सूचना

<u>दूरसञ्चार (दशौं संशोधन) नियमावली, २०८१</u>

दूरसञ्चार नियमावली, २०५४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

दूरसञ्चार ऐन, २०५३ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरुको नाम "दूरसञ्चार (दशौं संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **दूरसञ्चार नियमावली, २०५४ मा नियम ७क. थप**: दूरसञ्चार नियमावली, २०५४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ७ पछि देहायको नियम ७क. थपिएको छ:-

"७क. **पुनः अनुमतिपत्र प्राप्त गर्न निवेदन दिनेः** (१) दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र लिँदाको बखत जम्मा पुँजी लगानीको पचास प्रतिशतसम्म विदेशी व्यक्ति वा सङ्गठित संस्थाको लगानी भएको दूरसञ्चार सेवाको सञ्चालन अनुमतिपत्रको अवधि समाप्त भएको त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिले ऐनको दफा ३३ को उपदफा (४) बमोजिम पुनः अनुमतिपत्र लिन चाहेमा साबिकको अनुमतिपत्रको शर्त बमोजिम नेपाल सरकार तथा प्राधिकरणलाई बुझाउनु पर्ने रोयल्टी तथा ग्रामीण क्षेत्रमा दूरसञ्चार विकासको लागि बुझाउनु पर्ने रकम चुक्ता गरी सोको निस्सा सहित अनुसूची-१क. बमोजिमको ढाँचामा प्राधिकरणमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पुनः अनुमतिपत्र दिन उपयुक्त देखिएमा निवेदकलाई यस नियमावली बमोजिम नयाँ अनुमतिपत्र प्रदान गर्दा लाग्ने सरहको अनुमतिपत्र दस्तुर, नवीकरण दस्तुर, रोयल्टी र ग्रामीण क्षेत्रमा दूरसञ्चार विकासको लागि बुझाउनु पर्ने रकम समेतको शुल्क निर्धारण गरी अनुमतिपत्रको अवधि

समाप्त भएको मितिदेखि लागु हुने गरी अनुसूची-४ बमोजिमको ढाँचामा पुनः अनुमतिपत्र दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त अनुमतिपत्रको अवधि ऐनको दफा २५ को उपदफा (१) बमोजिम हुनेछ।

(४) उपनियम (२) बमोजिम पुनः अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले पाएको अनुमतिपत्र नवीकरण गर्न चाहेमा सो अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा तीन महिना अगावै यस नियम बमोजिम निर्धारण भएको नवीकरण दस्तुर संलग्न गरी प्राधिकरणमा निवेदन दिनु पर्नेछ। त्यसरी निवेदन प्राप्त हुन आएमा प्राधिकरणले निजको अनुमतिपत्र नवीकरण गरिदिनेछ।

(५) यस नियम बमोजिम पुनः अनुमतिपत्र प्राप्त व्यक्तिले उपनियम (४) बमोजिमको म्यादभित्र अनुमतिपत्र नवीकरणको लागि निवेदन दिन नसकेको कारण खुलाई अनुमतिपत्र नवीकरणको लागि अनुमतिपत्र बहाल रहने अवधिभित्रै प्राधिकरण समक्ष निवेदन दिएमा र त्यस्तो कारण मनासिब देखिएमा प्राधिकरणले नवीकरण दस्तुरको पन्ध्र प्रतिशत थप दस्तुर समेत लिई निजको अनुमतिपत्र नवीकरण गरिदिनेछ ।

(६) उपनियम (४) र (५) बमोजिम अनुमतिपत्रको नवीकरण गर्दा ऐनको दफा २५ को

उपदफा (२) को अधीनमा रही अनुमतिपत्र नवीकरण गर्नु पर्नेछ।

(७) उपनियम (५) बमोजिमको म्याद भित्र पनि अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो अनुमतिपत्र नवीकरण गरिने छैन ।"

३. <u>मूल नियमावलीको अनुसूचीमा संशोधनः</u> मूल नियमावलीको,-

(१) अनुसूची-१ पछि संलग्न बमोजिमको अनुसूची-१क. थपिएको छ ।

(२) अनुसूची-४ को सट्टा संलग्न बमोजिमको अनुसूची-४ राखिएको छ।

**"अनुसूची-१क.**

**(नियम ७क. को उपनियम (१) सँग सम्बन्धित)**

**पुनः अनुमतिपत्रको लागि दिइने निवेदन**

श्री नेपाल दूरसञ्चार प्राधिकरण,

.............................................. ।

दूरसञ्चार ऐन, २०५३ को दफा ३३ को, उपदफा (४) बमोजिम पुनः अनुमतिपत्र पाउनको लागि देहायको विवरण खुलाई यो निवेदन गरेको छु ।

१. पुनः अनुमतिपत्र लिन चाहने व्यक्तिको :

(क) नाम :

(ख) ठेगाना :

स्थायी :

अस्थायी :

२. दूरसञ्चार सेवाको किसिम :

३. सेवाको माग र आपूर्तिको प्रक्षेपणः

४. नेटवर्क विस्तारः

५. नेटवर्कमा हालसम्म प्रयोग गरिएको प्रविधिको विवरणः

६. प्रदान गरिने सेवाको स्तरः

७. प्रयोग गरेको फ्रिक्वेन्सीः

८. दूरसञ्चार सेवा सञ्चालित क्षेत्रः

९. वार्षिक आय व्ययको विवरणः

१०. निवेदनसाथ संलग्न गर्नु पर्ने कागजात :

(१) पूर्व अनुमतिपत्र बमोजिम प्रदान गरेको सेवाको विस्तृत विवरण,

(२) कम्पनी अद्यावधिक पत्रको प्रतिलिपि,

(३) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(४) अवधि समाप्त भएको अनुमतिपत्रको सक्कलै प्रति।

सङ्गठित संस्थाको छापः

निवेदकको, -

सही :

नाम :

ठेगाना:

**अनुसूची-४**
**(नियम ७क. को उपनियम (२) र नियम १० को उपनियम (१), (२) र (५) सँग सम्बन्धित)**

**दूरसञ्चार सेवा सञ्चालन गर्न दिइने अनुमतिपत्र**

श्री.......................
........................।

तपाईलाई दूरसञ्चार ऐन, २०५३ को दफा २३ को उपदफा (१) र (२)/दफा ३३ को उपदफा (४) तथा दूरसञ्चार नियमावली, २०५४ को नियम ७क. को उपनियम (२)/नियम १० को उपनियम (१), (२) र (५) बमोजिम देहायको दूरसञ्चार सेवा सञ्चालन गर्न यो अनुमतिपत्र दिइएको छ।

१. अनुमतिपत्र पाउने व्यक्तिको,-
   (क) नामः
   (ख) ठेगानाः
   स्थायीः
   अस्थायीः
२. अनुमतिपत्र दिइएको दूरसञ्चारको किसिमः
३. दूरसञ्चार सेवा सम्बन्धमा,-
   (क) काम सञ्चालन गर्नु पर्ने मितिः
   (ख) काम सम्पन्न गर्नु पर्ने मितिः
४. दूरसञ्चार प्रणालीको,-
   (क) निर्माताः
   (ख) आयात गरिने मुलुकः
   (ग) गुणस्तरः
५. प्रयोग गर्ने फ्रिक्वेन्सीः
६. ग्राहकलाई दूरसञ्चार सेवा उपलब्ध गराउने मितिः
७. फ्रिक्वेन्सी प्रयोग गरे बापत बुझाउनु पर्ने वार्षिक रकमः
८. दूरसञ्चार सेवा सञ्चालन गरिने क्षेत्र,-
   (क) जिल्लाः (ख) गा.पा./न.पा.: (ग) वडा नं.:

९. दूरसञ्चार सेवा विकास, विस्तार र सञ्चालन गर्नु पर्ने ग्रामीण क्षेत्र,-
(क) जिल्लाः (ख) गा.पा./न.पा.: (ग) वडा नं.:
१०. अनुमतिपत्र नम्बरः
११. अनुमतिपत्र बहाल रहने अवधिः
१२. अनुमतिपत्र नवीकरण गरे बापत बुझाउनु पर्ने वार्षिक दस्तुरः
१३. नेपाल सरकारलाई बुझाउनु पर्ने वार्षिक रोयल्टीको रकमः
१४. ग्रामीण क्षेत्रको दूरसञ्चार विकासको लागि वार्षिक रूपमा प्राधिकरणलाई रकम बुझाउनु पर्ने भए सो रकमः
१५. अनुमतिपत्र प्राप्त व्यक्तिले दूरसञ्चार सेवा सञ्चालन, गर्दा वा फ्रिक्वेन्सी प्रयोग गर्दा पालना गर्नुपर्ने शर्तः
(क)
(ख)
(ग)
(घ)

कार्यालयको छापः

अनुमतिपत्र दिने अधिकारीको,-
सहीः
नामः
पदः
कार्यालयः
मितिः"

आज्ञाले,
राधिका अर्याल
नेपाल सरकारको सचिव ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३